MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट स वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
कोशी प्रदेश कार्यक्षेत्र भएको
Banking and beyond

च.नं.:001/OP/२५०/083-84

मिति : २०८३/०८/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय : २१औं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सूचना सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैकको मिति २०८३/०८/०८ गते दिउँसो ४:०० बजे बसेको संचालक समितिको २७७औं बैठकको निर्णय अनुसार यस संस्थाको २१औं वार्षिक साधारण सभा मिति २०८३ पौष ४ गते शनिवार विहान १०.०० बजे सुनसरी उद्योग वाणिज्य संघ, धरान १, सुनसरीमा बस्ने र सो प्रयोजनको लागि तपशिल बमोजिमो प्रस्ताव सहित मिति २०८३ मंसिर १६ गते देखि २०८३ पुष ४ गते सम्म शेयरधनी दर्ता किताब बन्द गरिने निर्णय भएको जानकारी गराउँदछौं सो सम्वन्धि सूचना आज मिति २०८३ मंसिर ९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित भएको सुचनाको एक प्रति संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय सस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
३. श्री प्रभु क्यापीटल लिमिटेड, कमलादि, काठमाडौं ।

भवदिय

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

(अनन्त कुमार चापगाँई)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**Head Office**
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317
E-mail : info@miteribank.com.np
Website : www.miteribank.com.np

अभियान
बुधवार, ९ मङ्सिर २०८३ । Wednesday, 25 November 2026
समाचार पु
www.abhiyandaily.com

# कञ्चनपुरमा धान उत्पादकत्व वृद्धि

कञ्चनपुर। सुदूरपश्चिमको अन्न भण्डार मानिने कञ्चनपुर जिल्लामा यस वर्ष धान उत्पादकत्व बृद्धि भएको छ। कृषि ज्ञान केन्द्र कञ्चनपुरका सूचना अधिकारी धर्मबहादुर साउदेले कञ्चनपुरमा यस वर्ष १ दशमलव १९ प्रतिशतले धानको उत्पादकत्व बृद्धि भएको बताए। 'यस वर्ष मौसम अनुकूल हुनु, उन्नत जातको बीउविजन र सिंचाइ सुविधाका कारण उत्पादनमा बृद्धि भएको हो,' उनले भने, 'यस वर्ष २ लाख ६ हजार १०८ मेट्रिक टन धान उत्पादन भएको छ।'

गत वर्ष धानको उत्पादकत्व शून्य दशमलव २ प्रतिशतले बढेको थियो। गत वर्ष धानको उत्पादकत्व ४ दशमलव २ प्रतिहेक्टर रहेकोमा यस वर्ष बढेर ४ दशमलव २५ पुगेको उनले बताए। गत वर्ष २ लाख ३ हजार ६८३ मेट्रिक टन धान उत्पादन भएको थियो। त्यसअघि कञ्चनपुरमा धानको उत्पादन १ लाख ९३ हजार ९८४ मेट्रिक टन रहेको थियो। कञ्चनपुरमा ४८ हजार ४९६ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ।

कृषि ज्ञान केन्द्रले हरेक वर्ष सिंचाइ सुविधा विस्तार गर्दै गएकाले पनि उत्पादनमा बृद्धि भएको ज्ञान केन्द्रको भनाइ छ। 'यहाँ हरेक वर्ष किसानका लागि उन्नत जातको बीउ अनुदानमा उपलब्ध हुँदै आएको छ,' उनले भने, 'सिञ्चित क्षेत्र पनि हरेक वर्ष विस्तार हुँदै गएको छ।'

ज्ञान केन्द्रबाट किसानका लागि हरेक वर्ष साना सिंचाइ (टपुबवेल) जडान गरी सिंचाइ सुविधा उपलब्ध गराउँदै आएको छ। 'चितेको वर्ष किसानलाई ७५० ओटा बोरेड उपलब्ध गराएकोमा यस वर्ष ४९५ बोरेड सिंचाइका लागि उपलब्ध छ,' साउदेले भने, 'जसका कारण यहाँ धान उत्पादनमा बृद्धि हुँदै गएको छ।' उनले आधुनिक कृषियन्त्रका कारण पनि उत्पादनमा बृद्धि भएको बताए।

*रासस*

---

बाँकी पृष्ठ १ बाट ...

## धितोपत्र ब्रोकर...

सम्बन्धित क्षेत्रमै व्यवसाय विविधीकरण गर्न क्रममा यो सर्वेभन्दा नजिकको र उपयुक्त क्षेत्र देखिएको हो ।' धितोपत्र बजारका अनुभवी लगानीकर्ताहरूले सञ्चालन गरेको भोलेगणेश सेक्युरिटिजले नयाँ ब्रोकर कम्पनीका रूपमा २०८० असार २८ गतेदेखि कारोबार शुरु गरेको हो। नेपाल स्टक एक्सचेन्ज लिमिटेडले (नेप्से) ले उपलब्ध गराएको तथ्याङ्कअनुसार भोलेगणेश सेक्युरिटिजमार्फत गत आर्थिक वर्ष २०८२/८३ मा ४५ अर्ब ९७ करोड १४ लाख ६२ हजार रुपैयाँ बराबरको धितोपत्र कारोबार भएको थियो।

उक्त अवधिमा कम्पनीमार्फत १५ करोड २२ लाख ८५ हजारभन्दा बढी किता धितोपत्र किनबेच भएको थियो। सोही आधमा कम्पनीले धितोपत्र दलाल कमिसनबापत १५ करोड १८ लाख ३९ हजार रुपैयाँभन्दा बढी आम्दानी गरेको नेप्सेको तथ्याङ्क छ।

## लघुवित क्षेत्रका...

प्रमुख सरोकारवालाको दृष्टिकोण समेटेर चारओटा कार्यपत्र तयार गर्ने र तिनलाई संवादमा प्रस्तुत गर्नु कार्यक्रमको मुख्य विशेषता हुनेछ । कार्यपत्रमा नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकाय, नेपाल सरकार, लघुवित वित्तीय संस्था र लघुवित्तका सदस्य तथा ऋणीहरूका दृष्टिकोण समेटिने आयोजकले जानकारी दिएको छ।

नीतिनिर्माता र नियामक निकायसँगै कर्जा प्रवाह गर्न संस्था तथा ऋणी दुवै पक्षको दृष्टिकोण समेटेर लघुवित्त क्षेत्रका संरचनागत, नियामकीय तथा सञ्चालनसम्बन्धी चुनौतीको समग्र बुझाइ विकास गर्ने संवादको उद्देश्य हो।

लघुवित्त संस्थाहरूको वित्तीय विवरणदेखि, ऋणीको हित संरक्षण, जिम्मेवार कर्जा प्रवाह तथा वित्तीय समावेशीकरण विस्तार गर्ने लघुवित्तको मूल उद्देश्यबीच सन्तुलन कायम गर्न आवश्यक नीतिगत प्राथमिकता पहिचान गर्ने लक्ष्य पनि संवादले राखेको छ। लघुवित्त क्षेत्रद्वारे जनविश्वास पुनः स्थापित गर्न र चुनौती सामना गर्ने यस क्षेत्रको क्षमता अभिवृद्धि गर्न आवश्यक सुधारका विषयमा सरोकारवालाबीच साझा समझदारी निर्माण गर्न संवादले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## बिहेको सिजनमा...

दशैं-तिहारका लागि उपलब्ध भएको सुनसमेत बिक्री भइसकेकोले बजारमा भौज्यात सक्रियता उनले बताए । 'अहिले बजार एकदमै ठाडो छ । दशैं-तिहारमा भएको स्टक पनि बिक्री भइसक्यो,' शाक्यले भने, 'अहिले सुनको माग अत्यधिक छ। दिनमा २० किलोभन्दा बढी माग छ। तर हामीसँग सुन छैन।'

मङ्सिर बिहेको मुख्य सिजन भएकाले सुनको माग थप बढेको छ। दशैं-तिहारअघि नै मङ्सिरमा बिवाह गर्ने परिवारले गहना बनाउन अर्डर दिएका थिए। अहिले माघ र फागुनमा बिवाह गर्ने परिवारबाट समेत अर्डर आउन थालेको शाक्यले बताए । तर कांचो सुनको अभावले नयाँ अर्डर लिनसमेत कठिन भएको छ।

'अहिले माघ र फागुनको बिवाहका लागि पनि गहना बनाउने अर्डर आइरहेको छ । तर कांचो सुन छैन । आज हामीसँग नयाँ अर्डरसमेत दिएका छैनौं,' त्यत आइतबार उनले आर्थिक अभिव्यानसंग भने, 'भौलि बैकबाट सुन आयो र बैधानिक रूपमा व्यवसायीलाई वितरण भयो भने मात्रै केही माग पूरा गर्न सकिन्छ ।'

नेपालमा वैधानिक रूपमा वाणिज्य बैंकहरूले मात्र सुन आयात गर्न पाउँछन् । व्यवसायीले बजारमा सुनको अभाव भोगिरहेको बताइरहँदा नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिल शर्माले बैंकहरूमा सुनको मौज्दात पूर्ण रूपमा नसकिएको बताए । 'बुधवार विहानसम्म १०० किलो थप सुनको खेप पनि आइपुगने क्रममा रहेको छ,' उनले भने ।

बजारमा तयारी गहना केही मात्रामा उपलब्ध भए पनि ग्राहकको चाहनाअनुसार नयाँ डिजाइनमा गहना बनाउन कांचो सुन आवश्यक पर्ने व्यवसायी बताउँछन् । त्यसैले तयारी गहना किन्न सक्ने अवस्था भए पनि नयाँ गहना बनाउन चाहने ग्राहक प्रभावित भएका छन्।

सुनको मूल्य घटेपछि लगानीकर्तासमेत बजारमा प्रवेश गर्दा माग बढेको शाक्यको भनाइ छ। सुनको मूल्य प्रतितोला साढे ३ लाख रुपैयाँ हाराहारीबाट घटेर साढे २ लाख रुपैयाँ हाराहारीमा आएपछि उपभोक्ताको खरीद चासो बढेको उनले बताए। मूल्य घटेका बेला सुन किन्न खोज्ने ग्राहकले समेत अभावको कारण खरीद गर्न नपाएको उनको भनाइ छ । नेपाल सुनचाँदी व्यवसायी महासंघको तथ्यांकअनुसार चालिक २० गते धनतेरसका दिन सुनको मूल्य प्रतितोला २ लाख ८३ हजार रुपैयाँ थियो । मङ्सिर ८ गते घटेर प्रतितोला २ लाख ४७ हजार ९०० रुपैयाँमा कारोबार भएको छ।

यस अवधिमा सुनको मूल्य प्रतितोला ३१ हजार १०० रुपैयाँ घटेको छ । पछिल्लो एक सातामै १९ हजार ३०० रुपैयाँले गिरावट आएको छ । चाँदीको मूल्य पनि धनतेरसका दिन प्रतितोला ३ हजार ८१० रुपैयाँ रहेकामा मङ्सिर ८ गते ३ हजार १४५ रुपैयाँमा झरेको छ । नेपालमा सुनको भाउ मूलतः अन्तरराष्ट्रिय बजारमा हुने घटबढबाट प्रभावित हुन्छ । उदाहरणको लागि फाक्तिक ९ गते अन्तरराष्ट्रिय बजारमा सुनको भाउ ४ हजार ३८ डलर प्रतिऔंस रहेकोमा मङ्सिर ८ गते मंगलवार ३ हजार ६९८ डलर प्रतिऔंसमा कारोबार भइरहेको अन्तरराष्ट्रिय सञ्चार माध्यमहरूले जनाएका छन्। अन्तरराष्ट्रिय बजारमा अमेरिकी केन्द्रीय बैंक (फेडरल रिजर्भ) ले ब्याजदर बढाउन सक्ने संकेत, अमेरिकी डलर बलियो हुने अपेक्षा तथा कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी कम्पनीका शेयरमा आएको गिरावटले सुनको मूल्यमा दबाब परेको हो। उच्च ब्याजदरको सम्भावनाले ब्याज दिने वित्तीय साधनमा लगानी आकर्षित हुने र सुनको माग प्रभावित हुने विश्लेषण गरिएको छ।

## २५ किलोको कोटा लचिलो बनाउन व्यवसायीको आग्रह

नेपाल राष्ट्र बैंकको व्यवस्थाअनुसार बैंकहरूले दैनिक २५ किलोसम्म सुन आयात गरेर व्यवसायीलाई उपलब्ध गराउँदै आएका छन्। तर दैनिक समान परिमाणमा सुनको माग नहुने भएकाले सिजन र अफसिजनअनुसार आयात कोटा निर्धारण गर्नुपर्ने व्यवसायीको माग छ।

शाक्यका अनुसार व्यवसायीले वार्षिक आयात कोटा यथावत राखेर बिवाह तथा चाडपर्वको सिजनमा दैनिक ३० देखि ३७ किलोसम्म र अफसिजनमा १५ किलोसम्म सुन आयात गर्न सकिने व्यवस्था गर्न राष्ट्र बैंकलाई सुझाव दिएका छन्। यससे माग बढी हुने समयमा आपूर्ति बढाउन र माग कम हुने समयमा बैंकमा सुन मौज्दात पहले समस्या घटाउन सहयोग पुग्ने उनको भनाइ छ।

'यसै दिन २५ किलो सुन किनी हुन्छ भन्ने छैन । कुनै दिन माग कम हुन्छ, कुनै दिन बढी हुन्छ । त्यसैले सिजनमा बढी र अफसिजनमा कम सुन ल्याउन सकिने लचिलो व्यवस्था चाहिन्छ,' उनले भने, 'हामीसँग यस विषयमा अहिलेका र यसअघिका गभर्नरलाई समेत ज्ञापनपत्र दिएका छौं । तर नेपाल बैंकर्स संघका सीईओ शर्मा अहिले नै सुन आयातको कोटा बढाउनुपर्ने अवस्था नरहेको बताउँछन् । उनका अनुसार बैंकहरूले राष्ट्र बैंकले तोकेको दैनिक २५ किलोको कोटाअनुसार नै सुन आयात गरिरहेका छन् । माग बढेको पछिल्लो अवस्था अस्थायी हुन सक्ने भएकाले तत्काल कोटा परिवर्तन गर्नुभन्दा बजारको अवस्था र आयातको तथ्यांक विश्लेषण गर्नुपर्ने उनको भनाइ छ।

'अहिलेसम्म कुनै पनि वर्ष हामीले तोकिएको कोटाअनुसारको सुन पूर्ण रूपमा आयात गरेको अवस्था छैन । त्यसैले अहिले नै कोटा बढाउनुपर्ने देखिँदैन,' शर्माले भने, 'आयात गर्न सक्ने पुरा कोटा उपयोग भएको तथ्यांक देखिएपछि मात्रै त्यसको पुनरवलोकन गर्ने कुरा आउँछ ।'

उनका अनुसार बैंकहरूले दैनिक कोटाअनुसार सुन आयात गर्नुपर्ने माग गर्दै आएका छन् । केही परिमाण जम्मा भएपछि लट बनाएर आयात गर्ने गरिएको छ । पछिल्लो समय बजारमा देखिएको अभावलाई दीर्घकालीन समस्या मान्नुभन्दा केही समयको माग र आपूर्तिको अवस्थाका रूपमा हेर्नुपर्ने उनले बताए । शर्माले अन्तरराष्ट्रिय बजारमा सुनको मूल्य घटबढ हुँदा सोहीअनुसार नेपाली बजारमा मूल्य निर्धारण हुने पनि स्पष्ट पारे । 'यो अन्तरराष्ट्रिय बजारको मूल्यसँग जोडिएको विषय हो । स्वोवल मार्केटमा मूल्य तलमाथि हुँदा हामीकहाँ पनि त्यहीअनुसार मूल्य समायोजन हुने हो,' उनले भने, 'यसमा हाम्रो नियन्त्रण हुँदैन ।'

---


## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धि १५ दिने गोप्यशिल बन्दीवोलपत्र आह्वान गरिएको सूचना

**मिति : २०८३/०८.०९**

यस वित्तीय संस्थाबाट कर्जा लिइएका तपसिल बमोजिम बन्धकनामेतले ऋण लिँदा गरीएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थाहरु लिई, बुझाउन पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु लिई, बुझाउन पटक पटक मौखिक एवम लिखित वा ताकेता गर्दा समेत तोकीए बमोजिमको समयमा बुझाउन नसकेको हुँदा ऋण कर्जाको सम्बन्धित बन्धकनामेतले ऋण लिई धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्न सकिने व्यहोरा जानकारी गराइसकेको हुँदा ऋण चुक्ता गर्न आउने पक्षको देहाय अनुसार २०८३/१२/०४ को आर्थिक अधिवास दैनिकमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो समयावधि समेत बितीसकी हाल सम्म पनि ऋण चुक्ता नगरेको हुँदा तपसिलमा उल्लेखित धितो बन्धकका सम्पत्तिहरु लिलाम बिक्री गरी बाँकी रहन जाने साँवा ब्याज तथा अन्य सम्पूर्ण दस्तुर असुल उपर गर्न ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको पाँको सोधी, व्याज चुक्ता गर्न कर्जा चुक्ता गर्न लगत कट्टा गर्न आग्रह नगरेकाले यसमा सरोकार राख्ने सबै सर्वसाधारण तथा संस्थाहरुलाई जानकारी गराइन्छ । यस वित्तीय संस्थाबाट तपसिल बमोजिम धितोमा राखिएको सम्पत्ति लिलाम बिक्री गरी ऋण असुल गर्न लाग्ने खर्च बापत बाँकी साँवा ब्याज तथा अन्य सम्पूर्ण दस्तुर असुल गर्न बाँकी रहन जाने रकम यस वित्तीय संस्थाको हकमा लाग्ने ऐन, नियम बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यस वित्तीय संस्थाको लिखत अनुसार ऋण लिने ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको पाँको सोधी, व्याज चुक्ता गर्न कर्जा चुक्ता गर्न आउने पक्षको देहाय अनुसार २०८३/१२/०४ को आर्थिक अधिवास दैनिकमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो समयावधि समेत बितीसकी हाल सम्म पनि ऋण चुक्ता नगरेको हुँदा तपसिलमा उल्लेखित धितो बन्धकका सम्पत्तिहरु लिलाम बिक्री गरी बाँकी रहन जाने साँवा ब्याज तथा अन्य सम्पूर्ण दस्तुर असुल उपर गर्न ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको पाँको सोधी, व्याज चुक्ता गर्न कर्जा चुक्ता गर्न लगत कट्टा गर्न आग्रह नगरेकाले यसमा सरोकार राख्ने सबै सर्वसाधारण तथा संस्थाहरुलाई जानकारी गराइन्छ । यस वित्तीय संस्थाबाट तपसिल बमोजिम धितोमा राखिएको सम्पत्ति लिलाम बिक्री गरी ऋण असुल गर्न लाग्ने खर्च बापत बाँकी